# रैनादेवी छहरा गाउँपालिका

# मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७६

रैनादेवी छहरा गाउँपालिका

पाल्पा जिल्ला

५ नं प्रदेश, नेपाल

# रैनादेवी छहरा गाउँपालिकाको
# मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७६

**प्रस्तावना :** गाउँपालिकाले निर्माण गरेका सडक, ढल, खानेपानी, सिंचाइ, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधारका आयोजनाहरुलाई दीगो रुपमा संचालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा मर्मत संभार गर्नु अपरिहार्य हुन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ को उपदफा १ कार्यान्यवन गर्न गाउँपालिकाले मर्मत सम्भार विशेष कोष खडा गरी सो कोषमा आ. व. ०७६/७७ देखि विनियोजन ऐन वमोजिम रकम जम्मा गर्ने गरेको छ । गाउँपालिकाको प्रथम सभाबाट यस गाउँपालिकाले मर्मत सम्भार विशेष कोष स्थापना गरेको छ । मर्मत सम्भार कोषबाट कार्यक्रम तर्जुमा गरी सम्पन्न पूर्वाधारका आयोजनाको मर्मत सम्भार गर्न गाउँपालिकाले मर्मत सम्भार विशेष कोषमा कूल आन्तरिक आयको निश्चित प्रतिशत रकम जम्मा गरी सो कोषलाई व्यवस्थित ढंगले परिचालन गर्नुपर्ने देखिन्छ । यिनै कानूनी प्रावधानको अधीनमा रही रैनादेवी छहरा गाउँपालिकाले पनि सडक, पुल पुलेसा, ढल, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकतानुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी यो रैनादेवी छहरा गाउँपालिकाको मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७४ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१. सक्षिप्त नाम र प्रारम्भ** :

१. यस निर्देशिकाको नाम रैनादेवी छहरा गाउँपालिकाको मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका, २०७६ रहेको छ ।

२. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्भन्नु पर्दछ ।

(ख) "विनियोजन ऐन" भन्नाले नेपालको संविधानको धारा २२९ को उपधारा २ वमोजिम जारी गरिएको विनियोजन ऐनलाई सम्भन्नु पर्दछ ।

(ग) "आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ लाई सम्भन्नु पर्दछ ।

(घ) "कोष" भन्नाले विनियोजन ऐन बमोजिम स्थापना भएको मर्मत सम्भार विशेष कोषलाई सम्भन्नु पर्दछ । सो शब्दले उपभोक्ता समितिले संचालन गरेका मर्मत मर्मत सम्भार कोषलाई समेत बुभिने छ ।

(ङ) “गाउँपालिका” भन्नाले रैनादेवी छहरा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) “सभा” भन्नाले नेपालको संविधानको धारा २२२ मा उल्लेखित गाउँ सभा भन्ने सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनुपर्दछ ।

(ज) “कर्मचारी” भन्नाले रैनादेवी छहरा गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रैनादेवी छहरा गाउँपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत वा रैनादेवी छहरा गाउँपालिकाका सचिवलाइ सम्झनु पर्दछ ।

(ञ) “संयोजक” भन्नाले मर्मत संभार कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(ट) “सदस्य सचिव” भन्नाले मर्मत सम्भार विशेष कोष संचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ठ) “गैर सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ड) “पूर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय र सांस्कृति सम्पदाहरुलाई सम्झनु पर्दछ ।

(ढ) “मर्मत सम्भार” भन्नाले अमानत, ठेक्का, सार्वजनिक निजी साझेदारी लगायत उपभोक्ता समितिहरुबाट निर्माण सम्पन्न गरिएका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

## ३. निर्देशिकाको उद्देश्य :

यस निर्देशिकाको प्रमुख उद्देश्य रैनादेवी छहरा गाउँपालिका भित्र रहेका सडक, बाटो, पुल पुलेसा, ढल, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनु पर्ने सडक, बाटो आदिको पहिचान गर्न, सो अनुसार योजना तर्जुमा गर्न, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्न, लागत अनुमानमा एक रुपता कायम गर्न र गाउँपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई गाउँपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्ने नै भएतापनि यस बाहेकमा अन्य उद्देश्यहरु तल उल्लेख गरिएको छ :

१. सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने ।
२. उपभोक्ता समिति, सरकारी तथा गैर सरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने
३. स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्ने ।
४. स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने

५. वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्ने ।

६. वर्तमानमा सो लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने ।

७. पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित पार्ने ।

८. स-साना मर्मत संभार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।

९. स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रबृतिलाई निरुत्साहित गर्दै जाने ।

१०. आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।

११. पालिका भित्र सेवाग्राहिहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

**४. निर्देशिकाको प्रयोगकर्ता :**

यस निर्देशिका देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्ने छन्:

१. प्रयोगकर्ता रैनादेवी छहरा गाउँपालिका, वडासमिति र पालिका भित्रका नागरिक समाज, उपभोक्ता समिति, निर्माण व्यवसायी र कर्मचारीहरु

२. यस पालिका भित्रका टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरु

३. गाउँपालिका क्षेत्र भित्र काम गर्ने अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

**५. निर्देशिकाको कार्य क्षेत्र र सीमा :**

यस निर्देशिकामा मर्मत सम्भारका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई पनि समेट्न खोजिएको छ । रैनादेवी छहरा गाउँपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो निर्देशिका बनाएको हुँदा यसको कार्य सीमा रैनादेवी छहरा गाउँपालिकाको सबै क्षेत्रमा मात्र रहने छ । यो निर्देशिकालाई गाउँपालिका क्षेत्रमा काम गर्ने बिभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायलाई समेत मार्गदर्शनको रुपमा लिन सकिने छ ।

साथै प्रस्तुत निर्देशिका अन्य स्थानीय तहको लागि समेत उपयोगी हुन सक्नेछ ।

**६. आवश्यकता :**

स्थानीय तहको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी गाउँवासीहरुमा भरपर्दो सेवा प्रवाह प्रदान गर्न, नेपाल सरकार लगायत अन्य निकायहरुबाट भएको

लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययितता कायम गर्न, पूर्वाधारहरुको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनावद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक भएको छ। यसका साथै देहायका कारणबाट पनि यसको आवश्यकता बुँदागत रुपमा उल्लेख गरिएको छ

१. रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरु लगायत अन्य पूर्वाधारहरुको सेवालाई सूचारु राख्न,

२. सम्भावित दुर्घटनालाई घटाउन,

३. जटिल किसिमका क्षतिहरुबाट बचाउन,

४. गाउँपालिकावासीहरुको आधारभूत हक अधिकारको संरक्षण गर्न,

५. गाउँपालिका लगायतबाट भएको लगानीको संरक्षण गर्न

६. अन्तर निकाय समन्वय कायम राख्न,

७. सवै नागरिकहरुको गाउँपालिकाको पहुँचमा बृद्धि गर्न,

८. वातावरणिय समस्याहरुबाट जोगाई राख्न,

९. सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न।

## ७. कानुनी आधार :

यस निर्देशिकाले आयोजनाको मर्मत सम्भार र व्यवस्थापनका लागि गाउँपालिकामा देहायको व्यवस्था गरेको छ।

१. गाउँपालिकाले सम्पन्न आयोजनाहरुको मर्मत सम्भारको लागि त्यस्तो आयोजनाबाट सेवा प्राप्त गर्ने व्यक्तिहरुबाट सेवा शुल्क सङ्कलन गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम सेवा शुल्कबाट उठेको रकमबाट आयोजनाहरुको मर्मत सम्भार र आवश्यक व्यवस्थापन गर्नु पर्नेछ।

३. उपदफा (१) र (२) बमोजिमको आम्दानी खर्चको अद्यावधिक विवरण गाउँपालिकाले राख्नु पर्नेछ।

त्यसै गरी गाउँपालिकामा जाँचपास भएका आयोजनाहरुको मर्मत सम्भार र विस्तार तथा व्यवस्थापनका सन्दर्भमा देहायको व्यवस्था गरेको छ :

१. आयोजना सम्पन्न भएपछि आयोजनाको जाँचपास र फरफारक गर्नु गराउनु पर्नेछ।

२. आयोजना सञ्चालन गर्ने निकायबाट आयोजना सम्पन्न भएको जानकारी गाउँपालिकामा प्राप्त भएपछि प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र मूल्याङ्कनको आधारमा गाउँपालिकाले जाँचपास र फरफारक गर्नेछ।

३. सम्पन्न आयोजनाहरुको जाँचपास र फरफारकको अनुमोदन गाउँ सभाले गर्नेछ।

## ८. उपभोक्ता समूह गठन गर्न सक्ने :

आयोजना कार्यान्वयन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट गाउँपालिकाले सम्बन्धित वडा मार्फत उपभोक्ता समूह गठन गर्न सक्नेछ।

**९. सामुदायिक संस्थालाई प्रोत्साहित गर्नुपर्ने :**

गाउँपालिकाको क्षेत्रभित्र विकास सम्बन्धी कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यका लागि सामुदायिक संस्थालाई प्रोत्साहित गर्नु पर्नेछ । यसरी सञ्चालित कार्यक्रमहरुमा सामुदायिक संस्थाहरुले आफ्नै स्रोत र गाउँपालिकाबाट प्राप्त स्रोतबाट सञ्चालन गर्न सक्नेछन् । यसरी आयोजना सञ्चालन गर्ने सामुदायिक संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण सम्बन्धित वडा मार्फत गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरु सम्बन्धित क्षेत्रका सामुदायिक संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद २

## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

**१०. नीति :**

पालिका भित्र स्थानिय, प्रदेश तथा संघिय निकायहरुबाट संचालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारवाही सञ्चालन गदा सकेसम्म यसक्षेत्रका सवै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पूलेसा आदिको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न रैनादेवी छहरा गाउँपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ ।

**११. कार्यनीति** : यस निर्देशिकाको नीति कार्यान्वयन गर्नका लागि रैनादेवी छहरा गाउँपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अबलम्बन गरिनेछ :

१. मर्मत सम्भार कार्य भरसक श्रमप्रदान वा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समितिको माध्यमबाट गराउने ।

२. मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्वबाट वातावरण, वालवालिका, महिला एवं अपागं मैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट संचालन गर्ने ।

३. सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई उपयोग गर्ने ।

४. प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूचि तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

५. सडक लगायतका पूर्वाधारहरुको निर्माणकार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई गाउँपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी कमश दिंदै जाने ।

६. गाउँपालिका भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणधिन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत संभार सहित दिगो उपयोगिताको लागि आन्तरिक श्रोतको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

७. मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै जाने ।

८. मर्मत सम्भार तथा संचालन व्यवस्थापन सम्बन्धी निर्देशिका कार्यान्वयनका लागि गाउँ कार्यपालिका, वडा समिति तथा उपभोक्ता समितिहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

**१२. मर्मत सम्भार कार्य कार्यान्वयन सम्बन्धी व्यवस्था :** मर्मत सम्भारको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउदा देहाय अनुसार गर्नु पर्नेछ :

१. प्रचलित कानून बमोजिम मर्मत सम्भारको कार्य स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता दिनु पर्नेछ ।

२. माथि उल्लेखित प्रक्रियाबाट काम गराउने प्रयोजनको लागि गाउँपालिकाले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सूचिकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नु पर्नेछ ।

३. उपनियम (१) बमोजिम उपभोक्ता समितिद्वारा स्थानीय आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा वा सञ्चालन गराउदा देहाय बमोजिम गर्नुपर्नेछ

(क) उपभोक्ता समिति मार्फत काम गराउदा लागत, काम सम्पन्न हुनुपर्ने अवधि, सम्पन्न कामको सञ्चालन तथा मर्मत सम्भार र आवश्यक अन्य कुरा समेत स्पष्ट खोली गाउँपालिका र उपभोक्ता समिति बीच सम्झौता गर्नु पर्नेछ ।

(ख) यस कार्यका लागि गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ग) प्राविधिकले लागत अनुमान गर्दा जनसहभागिताको अंश समेत किटानी साथ उल्लेख गर्नुपर्नेछ । यस्तो लागत अनुमानको रकममा मूल्य अभिबृद्धि कर, शिरोभार (ओभरहेड) तथा कन्टिन्जेन्सी रकम र जनसहभागित अंश कट्टि गरी उपभोक्ता समितिलाई काम दिनु पर्नेछ

(घ) उपभोक्ता समितिले निर्माणसम्बन्धी काम सम्पन्न गरिसकेपछि प्राविधिकबाट नापजाँच गराई उक्त कार्यका लागि प्राप्त रकम र जनसहभागिताबाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कूल खर्चको विवरण र बहुमत उपभोक्ताहरुको उपस्थिति र निर्णयको प्रमाणित प्रतिलिपि र सम्बन्धित वडा समेतको सिफारिश गाउँपालिकामा पेश गर्नु पर्नेछ । यसरी विवरण प्राप्त भएपछि गाउँपालिकाले स्थलगत निरीक्षण समेत गरी सो सहितको अभिलेख खडा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समितिले जिम्मा लिएको काम निर्माण ब्यबसायिबाट गराउनु हुँदैन । उपभोक्ता समितिले समयमा काम गराउन नसकेमा गाउँपालिकाले प्रचलित नियम बमोजिम अन्य प्रक्रियाबाट काम गराउन सक्नेछ । उपभोक्ता समितिले रकम दुरुपयोग गरेको बुझिन आएमा छानविन गरी

दुरुपयोग भएजति रकमको दोब्बर रकम उपभोक्ता समितिको पदाधिकारीबाट दामासाहीले सरकारी बाँकीसरह असुल उपर गरी अन्य कार्वाहीका लागी सम्बन्धित निकायमा लेखी पठाइने छ ।

(च) उपभोक्ता समितिबाट सम्पन्न हुने कामको मर्मत सम्भारको जिम्मा सोही उपभोक्ता समितिको हुने भन्ने कुरा सम्झौतामा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(छ) उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरण भै प्राप्त आयोजनाको सेवावापत उपभोक्ता समितिले दस्तुर तोकी आफनो कोष खडा गरी सञ्चालन गर्न सक्नेछ ।

(ज) बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनको बढी प्रयोग हुने काम बाहेक सामान्तया श्रमप्रधान प्रबिधि अपनाइने आयोजना गाउँपालिकाल े निर्णय गरेमा बिशेष अनुगमनको व्यवस्था मिलाई सयुक्त व्यवस्थापनमा ं कार्यान्वियन गराउन बाधा पर्ने छैन ।

(झ) उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता, बिल, भरपाई सम्बन्धित निकायले जुनसुकै समयमा पनि कर्मचारी खटाई जाँच गरी प्रतिवेदन लिन सक्नेछ ।

(ञ) उपभोक्ता समितिले गाउँपालिका समक्ष कामको लागि निवेदन प्रस्तुत गर्दा तथा गाउँपालिकाले उपभोक्ता समितिसंग सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्नेछ र उपभोक्ता समितिले कार्य गर्दा सो अनुरुप गरी हिसाब किताब राख्नु पर्नेछ ।

(ट) उपभोक्ता समितिबाट गराएको कामको लागि गाउँपालिकाबाट प्राविधक सहयोग उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा तोकिएको खर्चको सीमाभित्र रही उपभोक्ता समितिले आफ्नौ तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनुपर्ने पारिश्रमिक कन्टेन्जेन्सीबाट भुक्तानी गर्नु पर्नेछ । यस किसिमको पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन ।

(ठ) आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताबाट गठित उपभोक्ता समितिको कूल सदस्यमध्ये महिला सदस्य तेत्तीस प्रतिशतमा नघट्ने गरी र उपलब्ध भएसम्म दलित, आदिबासी/जनजातीको समेत प्रतिनिधित्व भएको हुनुपर्नेछ । तर निर्वाचित वहालबाला पदाधिकारी उपभोक्ता समितिमा रहन पाइने छैन ।

(ड) उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारणसहित निवेदन दिएमा खण्ड (त) बमोजिमको उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा गाउँपालिकाले म्याद थप गर्नेछ ।

तर साधारणतया यस्तो म्याद थपको अबधि कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा बढी हुने छैन ।

(ढ) उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबको आधारमा अन्तिम

किस्ता भुक्तानी दिइनेछ । यसरी सम्पन्न भएको कार्यको प्रकृति हेरी छ महिना भित्र निर्माण कार्यमा कुनै त्रुटी ( डिफेक्ट) भई सच्याउनु परेमा निर्माण कार्य गर्ने उपभोक्ता समितिले नै आफ्नो खर्चमा सच्याउनु पर्नेछ ।

(ण) निर्माण कार्य बाहेक अन्य कार्यक्रममा उपभोक्ता समितिसंग सम्झौता गरी सञ्चालन वा कार्य सम्पन्न गराउँदा स्वीकृत नर्म्स, मापदण्ड, र लागतको प्रस्ताव स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(त) उपभोक्ता समितिलाई एकपटक उपलब्ध गराएको काम सम्पन्न नभई अर्को काम दिइने छैन ।

४. मर्मत सम्भार कर्ता वा कामदार समूहको व्यवस्थावाट हुन नसकिने तथा प्राविधिक दृष्टिले जटिल एवं मेशीनरीको उपयोग गर्नु पर्ने मर्मत सम्भार कार्य मात्र ठेक्का पट्टाबाट सम्पन्न गरिने छ ।

५. सम्भारकर्ता वा कामदारहरुको डोर हाजिर फाराम भरी तोकिएका व्यक्ति वा प्राविधिकको सिफारिशमा उपभोक्ता समितिले भुक्तानी गर्नेछ ।

६. सडक लगायतका पूर्वाधारहरुको मर्मत सम्भारका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति गाउँपालिकाल उपलब्ध गे राउनेछ ।

७. गाउँपालिकाबाट आवश्यक जनशक्ति उपलब्ध नहुने अवस्थामा गाउँपालिकाको स्वीकृत लिई सम्बन्धित उपभोक्ता समिति आफैले उपयुक्त किसिमको जनशक्तिको व्यवस्था गरी सेवा लिन सकिनेछ ।

**१३. योजनाको तर्जुमा तथा कार्यान्वयन :**

अर्थपूर्ण सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु पनि तर्जुमा गर्नु पर्दछ ।

जसको प्रक्रिया देहाय बमोजिम हुने  छः

१. उपभोक्ता समुह भेला र उपभोक्ता समितिहरुको गठन,

२. भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,

३. प्रारम्भिक लागत अनुमान र वडा समितिबाट सिफारिश

४. शहरी पुर्वाधार विकास शाखाबाट निरीक्षण, विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,

५. समितिबाट योजना सहितको कार्यक्रमको तयारी,

६. वार्षिक कार्यक्रममा समावेश,

७. कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण,

८. अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण,

९. कार्यसम्पन्न प्रतिवेदन,

१०. समिक्षा ।

## परिच्छेद-३

## कोष व्यबस्थापन सम्बन्धी व्यवस्था

**१४. कोषको स्थापना र सञ्चालन :**

१. यस निर्देशिकाको बुँदा नं ७ मा व्यवस्था भए अनुसारको एक मर्मत सम्भार विशेष कोष स्थापना गरिनेछ ।

२. उप दफा १ कोषमा देहायका रकमहरू रहनेछन्:

(क) मर्मत सम्भार विशेष कोषका लागि विनियोजन ऐन वमोजिम विनियोजित रकम,

(ख) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) वुँदा नं. ७ (१) वमोजिम प्राप्त रकम,

(घ) वुँदा नं. १४ (३) वमोजिम प्राप्त रकम ।

३. गाउँपालिकाबाट सञ्चालित भौतिक निर्माणसंग सम्बन्धित रु. ५ लाखभन्दा बढी लागत अनुमान रहेका हरेक आयोजनाबाट ५ प्रतिशतका दरले मर्मत सम्भार कोषका लागि रकम कट्टी गरी मर्मत सभ्भार कोषमा राखिने छ । सो रकम गल्ती सच्चाउने अवधी समाप्त भएको छ महिना पश्चात सम्बन्धित उपभोक्ता समिति वा ममर्त सम्भारको जिम्मा पाएको संस्थालाई प्रदान गरिने छ ।

४. समितिको निर्णयवाट तोकिएको बैकमा "मर्मत सम्भार विशेष कोष" नामको एक खाता र योजना अनुसार मर्मत संभार कोष खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

**१५. कोषको प्रयोग :**

यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

१. सम्पन्न आयोजनाहरुको नियमित मर्मत सम्भारको कार्य गर्न गराउन,

२. सार्वजनिक बाटो, पूल, पुलेसा प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोध बारे जनचेतना अभिवृद्धि गराउने गराउन,

३ मर्मत सम्भार काम गर्ने संस्थाहरु बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्ने,

४. उपभोक्ताले मर्मत संभार कोषमा जम्मा गरेको रकम आधारमा मात्र मर्मत संभार विषेश कोषबाट रकम विनियोजन गरिने छ ।

**१६. नपुग रकमको व्यवस्था :**

रकम अभाव भई सचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिकको सिफारिश सहित पेश गर्नु पर्नेछ ।

**१७. विवरण तयार पार्ने :** प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै कोष संचालन समितिवाट कार्यक्रम तयार पारी योजना तथा अनुगमन शाखा मार्फत सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**१८. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने :**

आगामी आर्थिक वर्षमा मर्मत सम्भार विशेष कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन गाँउसभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

**१९. बजेटको बांकी रकम :**

एक आर्थिक वर्षमा खर्च हुन नसकी बाकी रहेको रकम आगामी वर्षकौ बजेटमा भुक्तानी दिने गरी समावेश गर्नु पर्नेछ ।

**२०. श्रेस्ता राख्ने :**

१. कार्यालयले कोषको आय र व्ययको लेखा प्रचलित तोकिए बमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च गाउँ सभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

३. सभावाट उपलब्ध गराउने वजेटको रकम तोकिएको क्षेत्रवाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

**२१. बैठक भत्ता :**

मर्मत सम्भार विशेष कोषका पदाधिकारीहरुले वैठकमा भाग लिए बापत समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरुले गाउँ सभावाट तोकिए बमोजिमको वैठक भत्ता पाउने छन् ।

**२२. खाता सञ्चालन** : कोषको आर्थिक कारोबारको लागि प्रमुख प्रशासकीय अधिकृत र राजश्व तथा आर्थिक प्रशासन शाखा प्रमुखका संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**२३. लेखापरीक्षण :**

मर्मत सम्भार विशेष कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट गरिनेछ भने अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ ।

## परिच्छेद-४

## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र निर्देशिका

**२४. कार्यान्वयन व्यवस्थापन :**

१. सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य उपभोक्ता समिति वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ । कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ । तर यस किसिमको कार्य गर्नका लागि गाउँपालिकाको पूर्व स्वीकृति भने लिनु पर्नेछ ।

२. रैनादेवी छहरा गाउँपालिकामा मर्मत सम्भार सम्बधि कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापनका लागि एक समितिको गठन गरिनेछ

३. दफा (२) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहनेछन्:

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख) संयोजक पूर्वाधार विकास समिति - सदस्य

(ग) संयोजकले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछ ।

५. बढीमा दुई जना आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

६. आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

**२५. समितिको बैठक :**

१. समितिको बैठक कम्तीमा चार महिनाको एकपटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

२. समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

**२६. बैठकको निर्णय :**

समितिको बैठकको निर्णय सर्वसम्मतिका आधारमा हुनेछ । मत विभाजन भएमा अध्यक्षको निर्णय अन्तिम हुनेछ ।

**२७. समितिको काम, कर्तव्य र अधिकार** :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आगामी आर्थिक वर्षमा गाउँपालिका क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी गाउँ सभामा पेश गर्ने ।

(ख) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ग) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(घ) कोषको आय-व्यय सम्बन्धी हरहिसाबको लेखापरीक्षण गराई सो को लेखापरीक्षण प्रतिवेदन गाउँ कार्यपालिका मार्फत सभामा पेश गर्ने ।

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था कार्यालय बाटै मिलाउने व्यवस्था गर्ने ।

(च) प्रत्येक महिनामा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने ।

(छ) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(ज) बिभिन्न सरकारी तथा अन्य निकायहरुसंग गाउँपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(झ) श्रोतको व्यवस्थापन गर्ने ।

**२८. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

समितिका पदाधिकारीहरुकौ काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) संयोजकको काम, कर्तव्य र अधिकारः

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

४. आय व्ययको विवरण सहित समितिबाट पारित वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी गाउँ सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

(ख) **सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :**

१. कोषको सञ्चालन गर्ने ।

२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने /गराउने ।

६. वार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

(ग) **सदस्यको काम, कर्तव्य र अधिकार :**

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद –५

## मर्मत सम्भार सम्बन्धी व्यवस्था

२९. **मर्मत सम्भारका प्रकार** : मर्मत सम्भारका प्रकार निम्नानुसारका हुनेछन :

१. नियमित मर्मत सम्भार,

२. पटके मर्मत सम्भार,

३. आवधिक मर्मत सम्भार,

४. आकस्मिक मर्मत सम्भार, 5. रोकथाम मूलक मर्मत सम्भार

6. विशेष मर्मत सुधार ।

३०. **प्राथमिकताक्रम** : मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम समितिले प्राप्त तथ्यांक र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्यसञ्चालन गरिने छ । क) आकस्मिक मर्मत सुधार, ख) नियमित मर्मत सम्भार ग) पटके मर्मत सुधार घ) आधिक मर्मत सम्भार ङ) रोकथाम मूलक मर्मत सम्भार , च) बाटो, नाली मर्मत सुधार ।

३१. **मर्मत संभार उपभोक्ता समितिको कोष व्यवस्थापन :**

१. गाउँपालिकाले मर्मत संभार समितिको पहलमा स्थानीय सडक, खानेपानी, सिचांइ मर्मत सम्भार उपभोक्ता समितिबाट परिचालन हुने गरी मर्मत सम्भार कोष स्थापना सक्नेछ । यस अतिरिक्त स्थानीय सडक, खानेपानी, सिचांइ मर्मत सम्भार उपभोक्ता समितिले स्वीकृत विधान बमोजिम थप श्रोतहरु समेत जुटाई रकम संचय गर्न र कोषको परिचालन समेत गर्न सक्नेछ ।

२. यस मर्मत सम्भार उपभोक्ता समितिको कोषमा निम्नानुसार रकम जम्मा गरिनेछ :

क) गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार तोकिएको मर्मत सम्भारका लागि विनियोजन हुने रकम,: ख) सवारी कर र जरिवाना रकम, ग) प्रत्यक्ष लाभ प्राप्त गर्ने घरपरिवार एवं अन्य उपभोक्ताहरुबाट प्राप्त नगद वा स्वेच्छिक श्रम वापतको रकम,

घ) सडक बोर्ड नेपालबाट तोकिएको सडकलाई विनियोजित रकम मध्येबाट उपभोक्ता समिति मार्फत मर्मत सम्भार कार्यका लागि गाउँपालिका मार्फत उपलब्ध हुने रकम,

ङ) गाउँपालिकाको सहमतिमा विभिन्न आयोजनाहरुबाट उपभोक्ता समितिहरु मार्फत नै तोकिएका मर्मत सम्भार कार्यमा प्रयोग गर्ने शर्तमा छुट्याईएको रकम आदि ।

३. मर्मत सम्भार योजनाका लागि तल उल्लेखित कार्यहरु गर्नु रैनादेवी छहरा गाउँपालिकाको प्रमुख दायित्व हुनेछ  क. गाउँपालिका भित्रको सडकहरुको स्थिति विवरणका तयारी गर्नु पर्नेछ, ख. गाउँपालिका यातायात गुरुयोजनाको तयारी तथा अद्यावदिक गर्ने ।

**३२. वार्षिक मर्मत सम्भार योजना :** गाउँपालिकाले निम्न विवरण सहितको निर्धारित ढांचामा वार्षिक मर्मत सम्भार योजना तयार गरी गाउँ सभाबाट स्वीकृत गराई राख्नुपर्नेछ ।

१. मर्मत समभार कार्य आवश्यक भएका सडकहरुको विवरण,

२. मर्मत सम्भार कार्यको प्रकार

३. मर्मत सम्भार कार्यको प्राथमिकता,

४. मर्मत सम्भार कार्यको डिजाइन तथा लागत अनुमान,

५. उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,

६. कार्यान्वय प्रक्रियाको किसिम

७. प्राथमिकीकरण अनुमानित तालिका,

८. मर्मत सम्भार कार्य योजना ।

**३३. विभिन्न निकायहरुको भूमिका :**

गाउँपलिका स्तरीय मर्मत सम्भारको समुचित कार्यान्वयका लागि पालिकामा गाउँपालिकाका अतिरिक्त निम्न निकायहरुको पनि महत्वपूर्ण भूमिका रहनेछ :

१. संघ तथा प्रदेश

२. यस गाउँपालिकासँग सिमाना जोडिएका गाउँपालिका/नगरपालिका

३. उपभोक्ता समिति,

४. सडक मर्मत सम्भार उपभोक्ता समिति ।

## परिच्छेद–६

## विविध

**३४. अनुगमन तथा मूल्यांकन** : गाउँपालिकाको मर्मत सम्भार विशेष कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय अनुसार गरिनेछ :

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा बुदा नं २७(२) बमोजिक गठित समितिसँग समन्वय गरी गर्ने छ ।

(ख) कार्यकम संचालन भै कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनका आधारमा वा कार्यप्रगतिको आधारमा रनिङ्ग विलको भुक्तानि दिन सकिनेछ ।

(ग) कार्यकमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइने छ ।

(घ) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था गाउँपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समितिहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा सम्लग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**३५. विवरण सार्वजनिक गर्नुपर्ने** :

मर्मत सम्भार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**३६. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने :**

राम्रो काम गर्ने उपभोक्ता समिति तथा कर्मचारीहरुलाई रैनादेवी छहरा गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

**३७. जांचपास र फरफारक :**

यस कार्यक्रम अन्तरगत संचालित स साना कार्यकमहरु पनि संपन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफराक गराउनु पर्नेछ ।

**३८. प्रतिवेदन :**

समितिवाट भए गरेका काम कार्यहरुको प्रगति प्रतिवेदन नियमित रुपमा गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

**३९. संशोधन तथा बचाउ** : यस निर्देशिकामा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँ सभाले गर्न सक्नेछ। यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ । निर्देशिकामा लेखिएका कुराहरु प्रचलित संघीय तथा प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

०००